**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 08.07.2025**

## Sikkim-Niti Ayog: IPR

नीति आयोगले पूर्वोतत्र क्षेत्र विकास मन्त्रालय र UNDP सँगको सहकार्यमा जुलाई ७, २०२५ मा जारी गरेको पूर्वोत्तर क्षेत्र जिल्ला SDG सूचकांक २०२३-२४ मा सिक्किम उत्कृष्ट कार्य प्रदर्शन गर्ने शीर्ष राज्यहरूमध्ये उभिन सफल भएको छ। मुख्यमन्त्री प्रेमसिंह तामाङका नेतृत्वमा सिक्किमका सबै जिल्लालाई अग्रणी जिल्लाका रूपमा वर्गीकृत गरिएको छ। गान्तोक ७६.६४ र गेजिङ ७१.१४ बीचको सबैभन्दा कम 5.5 अन्तर-राज्य प्रदर्शन अन्तर अङ्कका साथ, सिक्किम सम्पूर्ण पूर्वोत्तरमा सबैभन्दा स्थिर र सन्तुलित राज्यका रूपमा खडा भएको छ। यस उपलब्धिले मुख्यमन्त्रीको समावेशी विकास, तृणमूल स्तरको सशक्तिकरण र प्रमाणमा आधारित शासनप्रतिको दृढ प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

## Kanchanjunga kalam puraskar: Dilliram Dulal

वरिष्ठ पत्रकार कर्म पाल्जोरलाई **'कञ्चनजङ्घा कलम पुरस्कार 2025'**-ले र फोटो पत्रकार वाङ्गछेन लामालाई **लगनशील युवा पत्रकार पुरस्कार 2025**-ले सम्मानित गरिने भएको छ। प्रेस क्लब अफ् सिक्किमले आगामी 17 जुलाईका दिन पालना गर्ने आफ्नो तेइसौँ स्थापना दिवसमा पत्रकारहरूलाई सम्मानित गरिनेछ। यो जानकारी पीसीएसका प्रचार सचिव पङ्कज ढुङ्गेलले जारी प्रेस विज्ञप्तिमा दिएका छन्। यस अतिरिक्त, प्रेस क्लबले यस क्षेत्रमा दुई दशकभन्दा धेरै समय योगदान दिने पत्रकारहरूलाई पनि सम्मानित गर्ने भएको छ। यस क्रममा भिडियो जर्नलिस्ट बिनोद तामाङ, भिडियो जर्नलिस्ट राजेन छेत्री, पत्रकार नरेन्द्र कुमार राई र पत्रकार हेम कुमार खवासलाई सम्मानित गरिनेछ। साथै, नाम्चीका मोहम्मद रमजान अलीलाई **समाचारपत्र वितरक सम्मान**-ले सम्मानित गरिनेछ। प्रेस क्लब अफ सिक्किमले हरेक वर्ष 17 जुलाईमा आफ्नो स्थापना दिवस पालन गर्दै आएको छ।

## ELI Scheme: Sikkim News 24

केन्द्र सरकारले रोजगारी सिर्जना, सीप अभिवृद्धि र सामाजिक सुरक्षालाई प्रवर्धन गर्ने उद्देश्यले रोजगारीसँग जोडिएको नयाँ प्रोत्साहन योजना, ELI योजनालाई अनुमोदन गरेको छ। यस योजनाले दुई वर्षभित्र साढे तीन करोडभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको छ र यो अगस्ट 1, 2025 देखि लागू हुनेछ। EPFO गान्तोकका क्षेत्रीय पीएफ आयुक्त केसाङ तेन्जिङले पत्रकार सम्मेलनमा यस नयाँ योजनाबारे जानकारी दिनुभयो।

## Sensitization Program: IPR

सिक्किम सरकारको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दिव्याङ्गजन कल्याण विभाग अन्तर्गतको राज्य धर्मपुत्र ग्रहण स्रोत एजेन्सीले आज पाकिममा **"धर्मपुत्र ग्रहण नियम २०२२ सम्बन्धी सचेतना कार्यक्रम"** आयोजना गऱ्यो। पाकिम जिल्ला बाल संरक्षण अधिकारीले जिल्लामा कुनै पनि गैरकानुनी धर्मपुत्र ग्रहण नहोस् भन्ने कुरा सुनिश्चित गर्नुको महत्त्वमा जोड दिनुभयो भने साराकी कार्यक्रम अधिकारीले भारतमा बालबालिकाको धर्मपुत्र ग्रहणलाई नियन्त्रण गर्ने कानुन र नियमबारे जानकारी दिनुभयो। त्यसैगरी SARA का कार्यक्रम सहायकले प्राविधिक सत्र प्रस्तुत गर्दै, सबै प्रक्रिया र कानुनी कार्यान्वयन पक्षबारे भेलालाई जानकारी गराउनुभयो। सामाजिक कार्यकर्ता अमृत शर्माले मिसन वात्सल्य, बाल सहायता सेवा र नियमअनुसार बालबालिकाहरूलाई प्रदान गरिने अन्य सहयोगबारे जानकारी गराउनुका साथै सहभागीहरूलाई बाल अधिकार उल्लङ्घनको कुनै पनि प्रकारको रिपोर्ट गर्न आग्रह गर्नुभयो।

## ADC Gyalshing-Bhanu Jayanti: Dilliram Dulal

आगामी जिल्लास्तरीय २११ औँ भानु जयन्ती समारोह २०२५ का लागि समीक्षा तथा अन्तिम तयारी बैठक आज राबदेन्चीमा आयोजित गरियो। बैठकको अध्यक्षता अतिरिक्त जिल्लापाल सुरेश राईले गर्नुभयो। बैठकमा अघिल्ला छलफलको कार्यान्वयन पक्षलाई ध्यान दिइयो, जसमा विभिन्न विभागलाई दिइएको कार्यहरूको समीक्षा गरिनुका साथै कार्यक्रमको तयारी समयमै र प्रभावकारी बनेको सुनिश्चित गर्न थप निर्देशनहरू दिइयो।

## Capacity Building Workshop: IPR

सिक्किम सरकारको समाज कल्याण विभागद्वारा नाशामुक्त भारत अभियान र नाशामुक्त सिक्किम अभियान अन्तर्गत आयोजित **सहयोगी मित्र**-का लागि दुईदिने क्षमता विकास कार्यशाला आज आसाम लिङ्ग्जेमा सम्पन्न भयो। **सहयोगी मित्र** कार्यक्रम नाशामुक्त अभियान अन्तर्गत समाज कल्याण विभागद्वारा सञ्चालित बृहत् सहयोगी कार्यक्रमको चार मुख्य स्तम्भमध्ये एक हो। प्रत्येक जिल्लाबाट साठी जना नोडल शिक्षकहरूको सहभागितामा, यस पहलले मुख्यतया शैक्षिक संस्थानहरूभित्र लागुपदार्थ दुरुपयोगको रोकथाम र जागरूकतालाई लक्षित गर्दछ। सचेतना कार्यशाला, **साथी**-समर्थन नेटवर्क, र केन्द्रित आउटरिच गतिविधिहरूमार्फत, सहयोगी मित्र कार्यक्रमले विद्यार्थीहरूलाई सूचित निर्णयहरू लिन सशक्त बनाउनुका साथै देशभरिका क्याम्पसहरूमा सक्रिय र लागूपदार्थमुक्त संस्कृतिलाई बढावा दिँदछ।